# बाँसगढी राजपत्र

खण्ड : ३ संख्या : १ प्रकाशित मिति :२०७६/०५/२३

## भाग- ३

### बाँसगढी नगरपालिका, बर्दिया

### योजना अनुगमन तथा मूल्याङ्कन कार्यविधि-२०७६

प्रमाणिकरण मिति : २०७६/०३/१८

बाँसगढी नगरपालिकाद्धारा संचालित योजना, आयोजना तथा कार्यक्रमहरूलाई अनुगमन तथा मुल्याङ्कनको माध्यमबाट पारदर्शी, दीगो र जनसहभागितामूलक बनाई शुसासन पव्रर्द्धन गर्दै नतिजामुखी बनाउन वान्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम बनेको बाँसगढी नगर पालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) नियमावली, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी बाँसगढी नगरपालिकाले यो कार्यविधी बनाएको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधीको नाम “बाँसगढी नगरपालिकाको अनुगमन तथा मुल्याङ्कन कार्यविधि २०७६” रहेको छ।

(२) यो कार्यविधी स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ।

२. **परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,**

(क) “कायविधि” भन्नाले बाँसगढी नगरपालिकाको अनुगमन तथा मुल्याङ्कन कार्यविधि, २०७६ लाई सम्झनु पर्छ।

(ख) “नगरपालिका” भन्नाले बाँसगढी नगरपालिकाको कार्यालय, बाँसगढी, बर्दियालाई सम्झनुपर्छ।

(ग) “अनुगमन” भन्नाले संघीय सरकार/प्रदेश सरकार/बाँसगढी नगरपालिका वा अन्य निकायवाट यस बाँसगढी नगरपालिकाको क्षेत्र भित्र सञ्चालित योजना, आयोजना तथा कार्यक्रमहरुमा लगानी तथा श्रोत साधनको प्रवाह समुचित ढङ्गले भएको छ/छैन, स्वीकृत लागत अनुमान, नक्सा बमोजिम कार्य सञ्चालन भईरहको छ/छैन र कार्यतालिका अनुसार क्रियाकलापहरु कार्यान्वयन भई अपेक्षित उपलब्धी हासिल भएको छ/छैन भनी नगरकार्यपालिकाद्धारा तोकिएका पदाधिकारी तथा कर्मचारीहरुद्धारा निरन्तर र आवधिक रुपमा निगरानी राख्ने कार्यलाई सम्झनु पर्छ।

(घ) “मुल्याङ्कन” भन्नाले कार्यान्वयन गरिएका योजना, आयोजना तथा कार्यक्रमहरु हालको समयमा के कति सान्दर्भिक,लाभदायी र प्रभावकारी छन् तथा के कस्ता उपलव्धी एवं प्रभावहरु हासिल भएका छन भन्ने कुरा लेखाजोखा गर्ने कार्य सम्झनु पर्छ।

(ङ) “अनुगमन मूल्यांकन समिति” भन्नाले दफा ३ बमोजिम गठित नगर पालिका तथा वडा स्तरको अनुगमन तथा मूल्यांकन समिति सम्झनु पर्दछ।

## परिच्छेद – २

## अनुगमन तथा मूल्यात्तन समिति

३. **अनुगमन तथा मूल्यात्तन समिति :**

(१) नगरपालिकामा सञ्चालित योजना, आयोजना तथा कार्यक्रमहरुलाई नतिजामुखी बनाउन देहायका सदस्यहरु रहके एक अनुगमन तथा मूल्याङ्कन समिति रहनेछ : (१)

(क) नगरपालिकाको उप प्रमुख - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) सम्बन्धित वडाका वडा अध्यक्ष - सदस्य

(घ) पुर्वाधार बिकास समितिका संयोजक - सदस्य

(ङ) प्राविधिक शाखाका प्रमुख ईन्जिनियर/प्रतिनिधी -सदस्य-सचिव

तर, उक्त समितिका सदस्यका अतिरिक्त योजनाहरुको गुणस्तरियता कायम गर्नका लागि नगर प्रमुख स्वमः वा नगर प्रमुखले तोकेको प्रतिनिधि खटाई योजनाहरुको विशेष अनुगमन गर्न वाधा पुगेको मानिने छैन ।

(२) वडाहरुमा सञ्चालीत योजना, आयोजना तथा कार्यक्रमहरुलाई नतिजामुखी बनाउन देहाय बमोजिमका वडा स्तरीय सदस्यहरु रहेको एक अनुगमन तथा मुल्यांकन समिति रहनेछ

(क) सम्वन्धीत वडाको अध्यक्ष (संयोजक)

(ख) वडाको अध्यक्षले तोकेको जनप्रतिनिधिहरु (सदस्य)

(ग) सम्बन्धित वडाका सचिव/कर्मचारी (सदस्य)

(घ) सम्बन्धित वडा हेर्ने प्राबिधिक (सदस्य सचिव)

३. वडा स्तरमा संचालित कुनैपनि योजनाहरुको अनुगमन मुल्याङ्कन वडा समितिबाट पनि निरन्तररुपमा गरिनेछ । उक्त अनुगमनमा देखिएका कुराहरु वडा अध्यक्ष माफर्त नगर स्तरीय अनुगमन समिति समक्ष पेश गरिनेछ ।

४. **अनुगमन तथा मूल्यात्तन समितिको काम, कर्तव्य र अधिकार :**

(१) दफा ३ को उपदफा (१) वमोजिम गठित नगरपालिकास्तरको अनुगमन तथा मुल्याङ्कन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हनेुछ :

(क) नगरपालिकामा सञ्चालित आयोजना तथा कार्यक्रमको नियमित वा

आवधिक अनुगमन तथा मूल्याङ्कन गर्ने ।

(ख) योजना, आयोजना तथा कार्यक्रम सञ्चालनको क्रममा नगर सभा तथा नगर कार्यपालिकाबाट भएका निर्णय तथा निर्देशनहरु कार्यान्वयन गर्ने, गराउने ।

(ग) योजना, आयोजना तथा कार्यक्रम सञ्चालनको क्रममा उत्पन्न भएका विवादहरु उचित ढंगले व्यवस्थापन गर्ने ।

(घ) अनुगमन तथा शमूल्याङ्कनको प्रतिवेदन तयार गरी पेश पेश गर्ने

(ङ) नगर सभा, नगर कार्यपालिका तथा नगर प्रमुखले तोकेका अन्य कार्यहरु गर्ने ।

(च) अन्तिम अनुगमन तथा मुल्याङ्कनका क्रममा उपभोक्ता समिति वा प्राविधिकबाट कुनै किसिमको मात्रात्मक वा गुणात्मक कमीकमजोरी गरेको वा प्राविधिक इस्टिमेट बमोजिमको कार्य नभएको पाईएमा कार्वाहीका लागी सिफारिस गर्ने ।

(छ) दफा ४ मा जुनसुकै कुरा उल्लेख भएता पनि बाँसगढी नगरवासिवाट योजना तथा आयोजनामा आएका गुनासो आवाश्यकताको आधारमा अनुगमन समितिले सम्बोधन गर्नुपर्ने छ ।

(ज) माथी जुन सुकै कुरा उल्लेख भएता पनि नगर सभा अध्यक्ष वा सभा अध्यक्षले तोकेको प्रतिनिधिले जुनसुकै बेला पनी अनुगमन गरी पुन मुल्यांकन गराउन सकिनेछ ।

**५. आयोजनाको प्रभाव मूल्याङ्नः**

(१) रु. पाँच करोड भन्दा बढी लागतका आयोजनाहरुको योजना सम्पन्न भएको २ वर्षभित्र तेस्रो पक्षबाट प्रभाव मूल्याङ्न गराउनु पर्नेछ ।

(२) नगरपालिका वा वडा स्तरीय योजनाहरु मध्ये रु. ५ लाख भन्दा कम लागतका योजनाहरुको हकमा वडा समितिबाटै गरिएको अनुगमन मुल्याङ्कनका आधारमा प्राप्त प्रतिवेदन सहितको सिफारिसका आधार मा रकम भुक्तानीका लागी सिफारिस गर्नेछ ।

(३) वडा स्तरीय समितिबाट प्राप्त अनुगमन मुल्याङ्कनका आधारमा भएको सिफारिस उपर कुनै गुनासो आएमा वा आवश्यक ठानेमा नगर स्तरीय समितिबाट अनुगमन गरिनेछ ।

## परिच्छेद-३
## अनुगमन तथा मुल्याक्तन सुविधा

६. अनुगमन तथा मुल्याङ्कन सुविधा :

(१) दफा ३ को उपदफा (१) बमोजिमको अनुगमन तथा मुल्याङ्कन समितिको पदाधिकारी तथा कर्मचारीहरुले कार्यपालिकाले निर्णय गरे बमोजिम अनुगमन सुविधा प्राप्त गर्नेछन् ।

## परिच्छेद-४
## अनुगमन तथा मुल्याक्तन प्रतिवेदन

७. अनुगमन तथा मुल्याङ्कन प्रतिवेदन : दफा ३ को उपदफा (१) बमोजिम गठित अनुगमन तथा मुल्याङ्कन समितिले अनुसूचि-१ बमोजिमको ढाँचामा अनुगमन तथा मुल्याङ्कन प्रतिवेदन तयार गरी नगर प्रमुख समक्ष पेश गर्नु पर्नेछ।

८. प्रतिवेदन पेश गर्ने अवधि : (१) दफा ३ को उपदफा (१) बमोजिमको समितिले अनुसुचि १ बमोजिमकोप्रतिवेदन नगर कार्यपालिका बठै क समक्ष पेश गर्नु पर्नेछ।

## परिच्छेद - ५
## विविध

९. बाधा अड्काउ फुकाउ तथा संशोधन : (१) यो कार्यविधि कार्यान्वयनको सर्न्दभमा कुनै बाधा अड्काउ परेमा नगर कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ।

(२) यस कार्यविधिमा थपघट गर्ने अधिकार प्रचलित कानुनको अधिनमा रही नगर कार्यपालिकाको हुनेछ।

**अनुसुचि १**

**परिच्छेद ४ को दफा ७ संग संबन्धित**

**बाँसगढी नगरपालिका**

**बाँसगढी, बर्दिया**

**योजना अनुगमन समितिको प्रतिवेदन**

श्री नगर प्रमुख ज्यू
बाँसगढी नगरपालिका
बाँसगढी, बर्दिया

मितिः .......................

बाँसगढी नगरपालिका को नगर सभाले आ.व..................... मा संचालनका लागि पारित गरेको तपसिल बमोजिमको योजना संचालन पश्चात नगर स्तरीय/वडा स्तरीय अनुगमन टोलीले योजनाको अनुगमन गरी पेश गरेको अनुगमन प्रतिवेदन ।

१. योजनाको नामः ..............................
२. योजना संचालन भएको स्थानः .......................
३. विनियोजित रकम................. जनश्रमदान....................कुल लागतः.........................
४. सम्झौता मितिः ................................सम्पन्न गर्नुपर्ने मितिः.................... सम्पन्न भएको मिति....................
५. अनुगमनका क्रममा देखिएका कुराहरुः

**५. अनुगमनका क्रममा देखिएका कुराहरुः÷**

| क्र सं | व्यहोरा | भएको | नभएको | कैफियत |
|---|---|---|---|---|
| १ | स्विकृत लागत अनुमान बमोजिमको कार्य | | | |
| २ | उपभोक्ता समितिको तर्फबाट जनश्रमदान | | | |
| ३ | सार्वजनिक परीक्षण (उपस्थित संख्या समेत उल्लेख गर्ने) | | | |
| ४. | आयोजना सूचना पाटि (सबैले देख्ने ठाउँमा) | | | |

६. आयोजना संचालनमा देखिएका समस्याहरुः-

१. ..........................................
२. .........................................

७. अनुगमन समितिको सुझावहरु

१. ..........................................

२. .........................................

.............................................

उपभोक्ता समिति अध्यक्षरपदाधिकारिको दस्तखत नामः ...............

८. अनुगमन समितिको निष्कर्षः

....................................................................

....................................................................

९. अनुगमनमा संलग्रुन पदाधिकारीहरु

| क्र.सं. | नाम | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

...................

अम्मरराज खत्री

प्रमुख प्रशासकीय अधिकृत